अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

लालझाडी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्या ९ मितिः २०७५/१२/१५

गाउँसभावाट स्वीकृत मतिः २०७५/१००/४

भाग : २

## गाउँस्तरीय खेलकुद संचालन तथा व्यवस्थापन कार्यविधि,२०७५

प्रस्तावना :

लालझाडी गाउँपालिका क्षेत्रभित्र खेलकुदको माध्यमवाट युवा विद्यार्थी तथा सर्वसाधारण जनताको शारिरिक तथा मानसिक विकास गरी सक्षम, अनुशासित र गतिशिल नागरिक तयार गर्नका लागि खेलकुद सम्बन्धि विभिन्न गतिविधिहरु संचालन गरी सबै खेलका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा यस गाउँपालिकाको समेत सहभागीता अहम रहने भएकोले यस गाउँपालिकामा खेलकुद एवम खेल पर्यटनको विकास गर्न वाञ्छनीय भएकोलेस्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरि यो कार्यविधि बनाईएकोछ।

परिच्छेदः१

प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम : गाउँस्तरीय खेलकुद संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ रहनेछ।

२. यो कार्यविधि गाउँकार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ।

२. परिभाषा :विषय वा प्रसंग अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क)"समिती" भन्नालेलालझाडी गाउँपालिका गाउँ खेलकुद विकास समितिलाई सम्झनुपर्छ।

ख)"गाउँपालिका" भन्नाले लालझाडी गाउँपालिकालाई सम्झनुपर्छ

ग)"कार्यपालिका" भन्नाले लालझाडी गाउँपालिकाको कार्यपालिका लाई सम्झनुपर्छ।

Scanned by CamScanner

घ)"कार्यालय"लालझाडी गाउँपालिका भित्र रहेको गाउँ खेलकुद विकास समितिको कार्यालयलाई सम्झनुपर्छ ।

ङ)"खेलकुद विकास समिति" भन्नाले यो कार्यविधि बमोजिम गठित गाउँ स्तरीय खेलकुद विकास समितिलाई सम्झनुपर्छ ।

च)"संरक्षक" भन्नाले लालझाडी गाउँपालिकाको गाउँ अध्यक्षलाई सम्झनुपर्छ ।

छ)"सहसंरक्षक भन्ना"ले लालझाडी गाउँपालिकाको गाउँ उपाध्यक्षलाई सम्झनुपर्छ ।

ज) "अध्यक्ष" भन्नाले गाउँस्तरीयखेलकुद विकास समितिकाका अध्यक्षलाई सम्झनुपर्छ ।

## परिच्छेद : २

## ३.गाउँ खेलकुद विकास समितिको उद्देश्य

३. गाउँ स्तरीय खेलकुद विकास समितिको उद्देश्यहरु निम्नानुसार हुनेछन ।

क) खेलकुदको माध्यमबाट अनुशासित जनशक्ति तयार गर्ने ।

ख) गाउँ भित्र खेलकुद संचालन गर्ने सबै संघसंस्था, निकायहरु बिच समन्वय गरी खेलकुद विकास गर्ने योजना बनाई लागु गर्ने तथा खेलकुद विकास गर्न सघाउ पुर्याउने ।

ग) खेलकुद विकासले समाजमा अनुशासित, गतिशील नागरिक तयार गर्न खेल संस्थाको विकास गर्ने ।

घ) खेलकुदको गतिविधिलाई संस्थागत रुपमा विकास गर्दै लैजाने

ङ) खेलाडी प्रशिक्षण र प्रतियोगिताका असरहरुलाई विकेन्द्रिकरण गर्दै समानुपातिक विकास गर्ने ।

च) खेलकुदलाई जनजीवनको अभिन्न अङग बनाई जनसहभागितामा वृद्धि गर्ने ।

छ) निरन्तर अध्ययन अनुसन्धानका आधारमा प्रशिक्षण र प्रतियोगितालाई बढी बैज्ञानिक र स्तरयुक्त बनाउदै स्तरिय खेलाडी उत्पादन गर्ने गरी उनीहरुको कार्यदक्षताबाट राष्ट्रलाई समेत राष्ट्रिय, अर्न्तराष्ट्रिय क्षेत्रमा राष्ट्रिय गौरंब अभिवृद्धि गर्ने ।

ज) खेलकुदको माध्यमबाट जनजीवनको शारिरीक तथा मानसिक विकास गर्ने ।

झ) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहित गर्ने ।

ञ) अपांग तथा सुस्त मनस्थितिका लागि पनि उपयुक्त खेलकुद विद्यालयहरुको विकास, प्रवर्द्धन एवं आयोजना गर्ने, गराउने ।

ट) गाउँका खेलाडीहरुको स्वास्थ्य सम्बन्धमा आवश्यक कार्यक्रम बनाई लागु गराउने ।

ठ)खेलकुद विकासका लागि अनुसन्धान केन्द्र बनाई खेलपर्यटनका आधारबांट गाउँपालिकाको आर्थिक उन्नती वा टेवा पुर्याउने गरी कार्य गर्ने ।

ड) खेलकुदमा निजी क्षेत्रको संलग्नता एवम सहभागिता अभिवृद्धि गर्ने ।

ढ) खेलकुद प्रति सकारात्मक रुचि पैदा गर्ने, खेलकुदका लागि अनुकुल वातावरण सिर्जना गर्ने

ण) खेलकुदमा क्रियाशिलता संघरसंस्था, क्लवहरु तथा व्यक्तिहरुको पेशागत विकास गर्ने ।

त) राष्ट्रिय तथा अर्न्तराष्ट्रिय खेलप्रतियोगिताहरुमा सहभागी भई कंचनपुरको लालझाडी गाउँपालिकाको ईज्जत, प्रतिष्ठा, गौरव बृद्धिमा योगदान पु-याउने खेलाडीहरुको सम्मान गर्ने ।

## परिच्छेद : ३

## गाउँ खेलकुद विकास समितिको गठन

४) खेलकुद विकास समितिको स्थापना

Scanned by CamScanner

१)लालभ्काडी  गाउँपालिका भीत्र खेलकुद विकास गर्नका लागि लालभ्काडी गाउँपालिका गाउँ खेलकुद विकास समितिको नामको एक गाउँ खेलकुद विकास समितिको स्थापना गरिने छ ।

२) उपदफां (१) बमोजिम स्थापना हुने खेलकुद विकास समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन ।

क) गाउापालिकाको सामाजिक विकास समितिका संयोजक वा गाउाकार्यपालिकाले मनोनित गरेको कार्यपालिका सदस्यहरु मध्ये १ जना   अध्यक्ष

ख) खेलक्षेत्रमा विशिष्ट योगदान पुरयाएको प्रतिष्ठित व्यक्ति मध्येवाट १जना   उपाध्यक्ष

ग) खेलकुद उपशाखा प्रमुख १ जना  सदस्य सचिव (पदेन)

घ) खेल क्षेत्रमा योगदान पुरयाएका गाउ क्षेत्रका व्यक्तित्वहरु मध्ये गाउ प्रमुखले मनोनयन गरेका कम्तिमा २ जना महिला सहित ५ जना  सदस्य

ङ) गाउँपालिका क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा शिक्षकहरु  मध्येबाट गाउँकार्यपालिका द्वारा मनोनित २/२ जना गरी ४जना सदस्य

च) खेल संग सम्वन्धीत गैरसरकारी तथा स्थानीय संघ संस्थावाट गाउँकार्यपालिका द्वारा मनोनित २ जना सदस्य

छ) गाउँ खेलकुद विकास समितिले मनोनित गरेको १ जना  सदस्य

**५. समितिको संरक्षक :**

१.गाउ अध्यक्ष गाउँ खेलकुद विकास समितिको संरक्षक हुनेछ ।

२. गाउँ उपाध्यक्ष गाउँ खेलकुद विकास समितिको सह संरक्षक हुनेछ ।

६. **निर्देशन पालना गर्नुपर्ने** :संरक्षकले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१.गाउँ खेलकुद विकास समिति लालभ्काडी गाउँपालिकाको खेलकुद क्षेत्रमा क्रियाशिल रहने लालभ्काडी गाउँपालिकाको एउटा संस्था हुनेछ ।

२. समितिको सबै कामकारवाहीको निमित्त आफ्नै छुट्टै छाप हुनेछ सोको लागि गाउँ कार्यपालिकाबाट अनुमती लिन पर्नेछ ।

**७ पदावधि :**

१. यस गाउँ खेलकुद विकास समितिको पदावधि ३ वर्षको हुनेछ ।

२. पदावधि समाप्त नहुदै कुनै सदस्यहरुको पद रिक्त हुन आएमा निज जुन हैसियतले मनोनित भएको हो सोही हैसियतको अर्को व्यक्तिलाई मनोनित गरिनेछ ।

३. कुनै सदस्यले आफ्नो कर्तव्य पालना गरेको छैन भन्ने लागेमा समितिको बहुमतको निर्णय सहितको सिफारिसमा गाउँपालिकाले त्यस्तो सदस्यलाई जुनसुकै बखतमा पनि हटाउन सक्नेछ । त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन ।

**८. सदस्यको अयोग्यता** :देहायको कुनै व्यक्ति समितिमा मनोनयन हुन वा वहाल रहन सक्ने छैन

क) गैर नेपाली नागरीक

ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुर ठहरिएमा

ग) मगज बिग्रेको ।

**९. सदस्यता समाप्त हुने अवस्था :**

देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछ ।

क) दफा ८ बमोजिम सदस्यतामा बहाल रहन अयोग्य भएमा

ख) सदस्यले राजिनामा गरेमा

Scanned by CamScanner

ग)	सदस्यको मृत्यु भएमा

घ)	लालझाडी गाउँपालिका गाउँ खेलकुद विकास समितिलाई उचित कारण सहितको सूचना नदिई लगातार ३ पटक सम्म समितिको बैठकमा अनुपस्थित भएमा

**परिच्छेद : ४**

**गाउँखेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार**

१०.समितिको काम, कर्तव्य र अधिकारःसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क)	खेलकुद क्षेत्रको विकास गर्न खेलकुद प्रतियोगिताको आयोजना गर्ने ।

ख)	खेलकुद सम्बन्धि प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई प्रदेश, केन्द्र वा विदेशमा समेत पठाउने ।खेलकुद सम्बन्धि विभिन्न कार्यकम संचालन गर्ने तथा सहभागी गराउने ।

ग)	खेलकुद सम्बन्धि संस्थालाई आर्थिक वा खेलकुद सम्वन्धी विभिन्न कार्यक्रम संचालन गर्ने वा अन्य सहयोग प्रदान गर्ने ।

घ) शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धि प्रशिक्षण प्रतियोगिता संचालन गर्ने तथा खेलकुदको जानकारी सम्बन्धि प्रचार प्रसार गर्ने गराउने ।

ङ) खेलकुदको स्तरोन्नती बिकासका लागी खेल पूर्वाधार निर्माण आवश्यकता तथा सम्भाव्यताको अध्ययन गर्ने ।

च)	खेलकुदको विकासका लागि वडा खेलकुद विकास समितिहरु गठन गर्ने साथै खेलकुद सम्बन्धि संस्थाहरु, क्लवहरु दर्ता गर्ने र गाउँपालिकालाई सिफारिस गर्ने

छ)	खेलाडीहरुलाई सहायता तथा छात्रवृत्ति प्रदान गर्नका लागि गाउँपालिकालाई सिफारिस गर्ने,राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी भई गाउँको राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सहभागीता जनाई राष्ट्रिय गौरब एवम प्रतिष्ठा आर्जनमा महत्वपूर्ण योगदान पुरयाएका गाउँपालिकाका खेलाडीहरुका लागि गाउँपालिकालाई सिफारिस गर्ने ।

ज)	खेलाडीको संस्थाको संरक्षण गर्नका लागि अविलम्व व्यवस्था गर्ने ।

झ)	खेलकुदको विकासका लागि अन्य आवस्यक व्यवस्था गर्ने गराउने ।

**११. समितिको बैठक र निर्णय :**

१. अध्यक्षबाट निर्देशन भए अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकि समितिको बैठक बोलाउनेछ ।

२. समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थिति भएमा
सदस्यहरुले आफुमध्येबाट छानेको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

३. समितिको कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरुको उपस्थिती भएमा बैठकको लागि गणपुरक संख्या रहेको मानिनेछ ।

४. समितिको बैठक बर्षमा कम्तिमा ३ महिनामा १ पटक बस्नेछ ।

५. बैठकमा बहुमतको संख्या मान्य हुनेछ तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ ।

६. सदस्य सचिवले बैठकको निर्णय को अभिलेख राख्नेछ।

७. यस दफामा लेखिए बाहेक बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्णय गरे बमोजिम हुनेछ ।

मदन सेन वडायक
अध्यक्ष

Scanned by CamScanner

परिच्छेद : ५

## १२ पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार

यस कार्यविधिको दफा ९ समेतका सम्पुर्ण अधिकार तथा कर्तव्यहरुको अधिनमा रही खेलकुद समितिका पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) अध्यक्ष :

१. यो कार्यविधिमा भएका बिषयहरु लगाएत खेलकुदको विकास विस्तारका विषयमा गाउँ खेलकुद विकास समितिलाई आवश्यक निर्देशन दिने ।

२. बैठकको अध्यक्षता गर्ने ।

३. खेलकुदको विकास र विस्तारका लागि आवश्यक कार्य योजना बनाई गाउँपालिकालाई जानकारी गराउदै खेलकुद मैत्री वातावरण बनाउने योजना बनाउने ।

ख) उपाध्यक्ष :

१. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्नुपर्ने सम्पुर्ण कार्यहरु गर्ने

२. अध्यक्ष तथा समितिले तोके बमोजिम काम गर्ने ।

ग) सचिव :

१. अध्यक्षले दिएको निर्देशन बमोजिमका काम गर्नेरगराउने ।

२. गाउँ खेलकुद विकास समितिको बैठकको लागि बिषयसूची तयार गर्ने र बैठकको निर्णय कार्यान्वयन गर्ने गराउने ।

३. गाउँ खेलकुद विकास समितिको सचिवालय स्थापना गर्ने ।

४. खेलकुद सम्वन्धि विषयमा जिल्ला, प्रदेश तथा राष्ट्रिय ईकाईहरुसंग सम्पर्क र समन्वय कायम गर्ने ।

५.गाउँ खेलकुद विकास समितिका.का अधिकार, काम। कर्तव्यको निर्णय अनुसार कार्यान्वयन गर्ने गराउने ।

६. खेलकुद विकास सम्बन्धि वा अन्य अपरझट रुपमा आईपरेका समस्या एवम कार्यहरु सम्पन्न गर्ने र यस प्रकार सम्पन्न गरिएका कामहरु गाउँखेलकुद विकास समितिको बैठकबाट अनुमोदन गराउने ।

७. दैनिक प्रशासनिक कामहरु गर्ने गराउने ।

८. बार्षिक कार्यक्रमहरु तयार गरी बैठकमा पेश गर्ने ।

घ) सदस्य :

गाउँ खेलकुद विकास समितिको निर्णय अनुसार तोकिदिएको कार्य सम्पादन गर्ने गराउने ।

**१३. गाउँ खेलकुद बिकास समितिका पदाधिकारी एवम सदस्यहरुलाई दिने सुबिधा**

क) गाउँपालिकाबाट निर्णय गरिएको बैठक भत्ता ।

ख) लालझाडी गाउँपालिका खेलकुद बिकास समिति को कामले जिल्ला, प्रदेश एवम राष्ट्रिय रुपमा भ्रमण गर्दा गाउँपालिकाबाट निर्णय गरिए बमोजिम आवत जावत वाफतको लाग्ने सवारी भाडा तथा दैनिक भ्रमण भत्ता ।

ग) गाउँखेलकुद विकास समितिको कामको सिलसिलामा निज वा भाडामा सवारी साधन प्रयोग गर्दा लागेको ईन्धन खर्च वा यस्ता अन्य खर्चहरु ।

घ) गाउँपालिकाले निर्णय गरेका अन्य सम्बन्धित खर्चहरु ।

परिच्छेद : ६

शदन सेन वडायक
अध्यक्ष

Scanned by CamScanner

**संघ संस्था र क्लवहरु दर्ता कार्यविधि :**

१४) गाउँपालिका खेलकुद सम्वन्धि संस्थाले दर्ता गराउनु चाहेमा देहाय बमोजिमको कार्यविधि अवलम्वन गराउनुपर्नेछ।

क) संस्थाको नाम र ठेगाना

ख) संचालन गर्ने खेलकुदको किसिम

ग) कार्यसमितिको सदस्यहरुको नामावली, ठेगाना र पेशा समेत

१५. गाउँ वडा खेलकुद विकास समिति :

गाउँखेलकुद विकास समितिले आवश्यक कार्यविधि र मापदण्ड बनाई गाउँपालिकाका ६ वटै वडामा वडा खेलकुद विकास समिति गठन गर्न सक्नेछ।

१६. गाउँ खेलकुद विकास समितिको कार्यालय ; गाउँ खेलकुद विकास समितिको मुख्य कार्यालय गाउँपालिकाको केन्द्रिय कार्यालयमा नै रहनेछ।

परिच्छेद : ७

१७.गाउँ खेलकुद विकास समितिको आर्थिक स्रोत तथा कोष

क) गाउँपालिकाले विनियोजन गरेको खेलकुद शिर्षकको वजेट।

ख) विभिन्न कार्यहरु तर्जुमा गरी संकलन हुन आएको रकम वा पुरुस्कारको रकम।

ग) गाउँपालिका र गाउँखेलकुद विकास समितिको हित, उद्देश्य, निती र स्वार्थमा नकारात्मक असर नपर्ने गरी प्राप्त हुन आउने चन्दा, आर्थिक अनुदान वा दान आदि।

घ) खेलकुद सम्वन्धि संघ र संस्था र क्लवहरु दर्ता वा नविकरण गर्दा प्राप्त हुने सदस्यता वा नविकरण वाफत प्राप्त हुने रकम।

माथि जे सुकै लेखिएको भएता पनि गाउँपालिका आर्थिक संचालन एवम व्यवस्थापन सम्वन्धि नियम कानुनको अधिनमा रही आर्थिक कार्य संचालन गर्नका लागि गाउँ खेलकुद विकास समितिले कार्ययोजना बनाई गाउँपालिका बाट स्वीकृति लिएमा कार्य सम्पन्न गर्नुपर्नेछ।

**झन्डा, छाप र लोगो**

१८.गाउँ खेलकुद विकास समितिको झण्डा, छाप र लोगो

खेलकुद विकास समितिको झण्डाको रंग निलो हुनेछ। जस्को साईज २ फिट चौडा र ३ फिट लम्वाई हुने, यस झण्डाको विचमा लालझाडी नेपालको तस्विर हुनेछ। अनुसूची १ मा उल्लेख भए बमोजिम नमुना नै यसको लोगो सहित छाप हुनेछ।

अनुसूचि १

गाउँ खेलकुद विकास समितिको झन्डा,छाप र लोगो दफा १८ बमोजिमको ढांचामा तपसिल अनुसार हुनेछ।

लालझाडी गाउँ खेलकुद विकास समिति
स्थापित २०७५
लालझाडी गाउपालिका, कञ्चनपुर

Scanned by CamScanner

अनुसूची २

शंपथ - ग्रहण

क) गाउँखेलकुद विकास समितिका सम्पूर्ण पदाधिकारी एवम सदस्यहरु लाई गाउँपालिकाका प्रमुख एवम गाउँ खेलकुद विकास समिति संरक्षकले पद तथा गोपनियताको सपथ गराउनेछ ।

सदन सेन वडायक

अध्यक्ष

Scanned by CamScanner